# इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि - २०७२

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

वालुवाटार

प्रस्तावनाः

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ कोदफा ४६ कोउपदफा (२) अनुसार इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले लाभांश घोषणा तथा वितरण गर्न यस बैंकको स्वीकृति लिनुपर्ने तथा यस बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नं. ४ अनुसार वार्षिक साधारण सभामा पेश गर्नेवार्षिक हिसाब सार्वजनिक गर्न यस बैंकको सहमति लिनुपर्ने व्यवस्था बमोजिम आवश्यक स्वीकृति र सहमती प्रदान गर्दा अपनाइने प्रकृयामा एकरुपता कायम गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) बमोजिम नेपाल राष्ट बैंकका गर्भनरबाट यो कार्यबिधि बनाई लागू गरिएकोछ ।

## खण्ड (क)
## वित्तीय विवरण प्रकाशित गर्न सहमती प्रदान गर्ने सम्बन्धी

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो वार्षिक हिसाबलाई संचालक समितिमा अभिलेख र संचालकहरुको दस्तखत हुनु अगावै प्रारम्भिक रुपमा छलफलको लागि सम्बधित सुपरिवेक्षण विभागमा पेश गर्दा देहायका विषयहरु समेतका आधारमा वित्तीय विवरणमा संशोधन गर्नुपर्ने अवस्था देखिएमा संस्थाका प्रतिनिधिहरुसंग छलफल गरी संशोधनको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई जानकारी गराइनेछ ।

तर “ख”, “ग” र “घ” वर्गका बैंक तथा वित्तीय संस्थाको हकमा त्यस्तो हिसाब प्रारम्भिक रुपमा पेश गर्न अनिवार्य हुने छैन ।

(१) लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन र सो उपर व्यवस्थापनको जवाफ, स्थलगत निरीक्षण प्रतिवेदन लगायत उपलब्ध आधिकारीक कागजातबाट सारभुत रुपमा वित्तीय विवरण लाई असर गर्न सक्ने रकम तथा जानकारीलाई अपरिष्कृत वित्तीय विवरणमा आवश्यक समायोजन सहित प्रस्तुत गर्ने ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिएको परियोजना कर्जाको हकमा यस बैंकको पूर्व स्वीकृति लिएर मात्र कर्जाको ग्रेस अवधिमा पाकेको व्याजलाई पुंजीकरण गरी आम्दानी जनाउन पाउने ।

(३) असार महिना सम्ममा पाकेको व्याज वर्षान्त पछिको साउन १५ गते भित्र प्राप्त भएमा सो रकमलाई बैंक तथा वित्तीय संस्थाहरुले आ-आफ्नो आम्दानी लेखांकन सम्बन्धी नीतिमा स्पष्ट खुलाई गत आर्थिक वर्षको नाफा नोक्सान हिसावमा आम्दानी जनाउन सक्ने छन ।

साथै भुकम्पका कारण आ.व. २०७१/७२ को ब्याज आम्दानी लेखाकंन गर्ने प्रयोजनका लागि २०७२ असार महिना सम्म पाकेको ब्याज २०७२ असोज मसान्त सम्ममा प्राप्त भएमा सो रकम आ.व. २०७१/७२ को नाफा नोक्सान हिसावमा आम्दानी जनाउन सकिनेछ । यसरी आम्दानी जनाएको रकम मध्ये २०७२ साउन १५ गते पश्चात प्राप्त व्याज आम्दानीलाई लाभांशको रुपमा वितरण नगरी नाफा नोक्सान बाँडफाँड खाता मार्फत पूंजी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ । २०७२ असार मसान्त पश्चात प्राप्त ब्याज रकमको छुट्टै विवरण तयार गरी पेश गर्नुपर्नेछ र यसरी ब्याज आम्दानी जनाएको भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले वार्षिक वित्तीय विवरणको आम्दानी लेखाकंन सम्बन्धी नीतिमा रकम सहित स्पष्ट खुलाउनु पर्ने छ ।

त्यसैगरी भुकम्पका कारण परियोजना निर्माण सम्पन्न हुन थप समय लाग्ने भएमा वा परियोजना सम्पन्न भइ किस्ता भुक्तानी शुरु हुने अवस्थामा ग्रेस अवधि समाप्त भई यस बैंकको पत्र संख्या : बै.वि.नि.वि. /नीति/परिपत्र/कखग/३०/०७१/७२ र पत्र संख्या : बै.वि.नि.वि. /नीति/परिपत्र/३/०९/०७१/७२ को मितिः २०७२/०३/०९ को परिपत्र अनूसार बढीमा एक वर्षको ग्रेस अवधि थप गरिएको अवस्था उक्त ग्रेस अवधिमा ब्याज पूँजीकरण गरी आम्दानी जनाइएको ब्याज रकमलाई नाफा नोक्सान बाँडफाँड खाता मार्फत पुंजी समायोजन कोषमा रकमान्तर गर्नुपर्ने छ ।

(४) यस बैंकबाट कारवाहीमा परेका बैंक तथा वित्तीय संस्थाका संस्थापक, संचालक, पदाधिकारी वा सम्बद्ध व्यक्ति, तथा त्यस्तो व्यक्तिको वित्तीय स्वार्थ भएको संस्था, फर्म वा कम्पनीलाई प्रवाह भएको कर्जालाई खराब वर्गमा वर्गीकरण गरी शत प्रतिशत कर्जानोक्सानी व्यवस्था गर्नुपर्ने ।

(५) बैंक तथा वित्तीय संस्थाले अन्य संगठित संस्थामा निर्देशन नं. ८ को सीमा भित्र रही गरेको लगानीमा शत प्रतिशत लगानी समायोजन कोष खडा गरेमा २ प्रतिशत थप लगानी समायोजन कोषको विनियोजन गर्न अनिवार्य नहुने ।

(६) स्थगन कर (Deferred Tax) को गणना तथा लेखांकन नेपाल लेखामान मापदण्ड अनुसार गर्नुपर्नेछ । स्थगन कर गणना गर्दा श्रृजना हुने स्थगन कर सम्पत्तिलाई वितरणयोग्य मुनाफाबाट घटाई खुद वितरणयोग्य मुनाफा निर्धारण गर्नुपर्ने र सोही खुद वितरणयोग्य मुनाफाबाट मात्र लाभांश घोषणा तथा वितरण गर्न सकिनेछ ।

साथै, २०७२ असार मसान्तको लागि मात्र पुँजीकोष गणना गर्दा स्थगन कर सम्पत्ति प्राथमिक पुँजीबाट घटाउनुपर्ने व्यवस्था अनिवार्य हुने छैन ।

(७) इजाजतपत्रप्राप्त संस्थाले सालतमामीमा मौज्दातमा रहेको विदेशी मुद्राको पुनरमूल्याङ्कन गर्दा खुद नोक्सान भएमा नाफा नोक्सान हिसावमा खर्च जनाउनु पर्ने र खुद नाफा भएमा सो लाई नाफा-नोक्सान हिसावमा आम्दानी जनाई उक्त नाफाको कम्तीमा २५ प्रतिशत रकम नाफा-नोक्सान बाँडफाँड हिसाव मार्फत् सटही घटबढ कोष हिसावमा विनियोजित गर्नुपर्ने ।

(८) बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने प्रयोजनका लागि सम्पत्ति तथा दायित्वको मुल्याङ्कन समेतको आधारमा तय भएको शेयर मुल्य अनूपात *(Swap Ratio)* का कारण फरक हून आएको वचत *(Surplus)* रकमलाई बांडफांड नगरी सोझै पुँजीगत जगडाकोषमा राख्नू पर्ने र त्यस्तो पुंजीगत जगेडा कोषमा रहेको रकमबाट इजाजतपत्रप्राप्त संस्थाले नगद लाभांश बाँडन नपाउने ।

## खण्ड (ख)
## लाभांश स्वीकृति सम्बन्धी

वित्तीय प्रणालीमा जोखिमको मात्रा बढ्दै गई भविष्यमा बैंक तथा वित्तीय संस्थाहरुले नोक्सानी व्यहोर्नु पर्ने संभावना रहने, कतिपय बैंक तथा वित्तीय संस्थाहरुको जोखिम मूल्याङ्कन एवम् जोखिम न्यूनीकरण, आन्तरिक नियन्त्रण प्रणाली एवम् संस्थागत सुशासनको अवस्था सुदृढ भईनसकेको, तरलताको स्थिति सहज हुदा पनि पुँजीकोष पर्याप्त नरहेको कारणले कर्जा प्रवाह गर्ने क्षमता समेत प्रभावित हुने तथा कतिपय अवस्थामा कर्जा निरन्तर नवीकरण गरी कर्जा वर्गीकरण समेत प्रभावित हुन सक्ने हुंदा बैंक तथा वित्तीय संस्थाहरुको पुंजीलाई थप

सवल गराई, संस्थालाई बढी सुदृढ गराउने गरी लाभांश स्वीकृत गर्ने प्रयोजनको लागि प्रचलित कानुनको अधिनमा रही देहाय अनुसार गर्ने व्यवस्था मिलाइएकोछ :-

(१) २०७१/०५/०३ को परिपत्र वाट हटाइएको।

(२) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ कोदफा ४६ को उपदफा (१) अनुसार निम्न अवस्था पुरा गरेमा मात्र नगद लाभांश तथा बोनश शेयर घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिने :-

(क) सम्पूर्ण प्रारम्भिक खर्च अपलेखन गरेको,

(ख) संचित नोक्सानी नरहेको,

(ग) तोकिएको न्युनतम पुंजीकोष कायम गरेको,

(घ) जोखिम व्यहोर्ने कोषमा छुट्याउनुपर्ने रकम छुट्याएको,

(घ) मुनाफाको २० प्रतिशतले हुने रकम उक्त ऐनको दफा ४४ बमोजिम विनियोजन गरेको,

(ङ) सर्वसाधारणलाई छुट्याइएको शेयर बिक्री वितरण गरी माग रकम पुर्ण रुपमा चुक्ता भएको ।

(३) शेयर प्रिमियम रकमबाट नगद लाभांश घोषणा गर्न वा वितरण गर्न नपाइने ।

(४) इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सकिने विद्यमान व्यवस्था भन्दा बढी हुनेगरी संस्थापक शेयर धारण गर्ने संस्थापक शेयरधनीहरुलाई तोकिएको सीमा कायम नगरे सम्म प्रस्तावित नगद लाभांश तथा बोनश शेयर वितरण रोक्का राख्न लगाउने ।

तर, नेपाल सरकारको ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएका वित्तीय क्षेत्रसंग सम्बन्धित कर्मचारी संचय कोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको हकमा यस बैंकको स्वीकृती लिई बढीमा २५ प्रतिशतको सीमा कायम हुनेगरी एक भन्दा बढी बैंक तथा वित्तीय संस्थामा संस्थापक शेयर लगानी गर्न बाधा नपुग्ने। साथै, "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा बैंक तथा वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत तथा प्रक्रियागत व्यवस्थामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुमा गरेको शेयरलगानी (Cross Holding) बिक्री नगरेसम्म त्यस्तो संस्थाले पाउने नगद तथा बोनस शेयर लाभांश वितरण रोक्का राख्ने ।

(६) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बाहेक अन्य प्रचलित कानुन बमोजिम वचत तथा ऋणको कारोवार गरिरहेका संस्थाहरुको इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा रहेको लगानी बिक्री गर्ने कार्य नभएसम्म त्यस्तो संस्थाले पाउने नगद तथा बोनस शेयर लाभांश वितरण गर्न रोक्का राख्ने ।

तर "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा यस अघि नै शेयर लिई कायम रहेको अवस्थामा यो

व्यवस्था लागू नहूने ।

(७) सम्बन्धित आर्थिक वर्षको कुनै अवधिमा तोकिएको न्यूनतम पुंजीकोष कायम गर्न नसकेका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई नगद लाभांश तथा बोनस शेयर घोषणागर्न वा वितरण गर्न स्वीकृति दिइने छैन । तर वाह्य लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणबाट आर्थिक वर्षको अन्त्यमा तोकिएको न्यूनतम पुँजीकोष कायम भएको आधारमा यस बैंकको स्वीकृतिलिई बोनस शेयर घोषणा वा वितरण गर्न दिन बाधा पर्ने छैन ।

(८) आर्थिक वर्ष समाप्त भएको मिति देखि वार्षिक साधारण सभाको स्वीकृति लिने मिति सम्मको अवधिमा शीघ्र सुधारात्मक कारवाही कार्यान्वयन भई उक्त अवधि सम्ममा त्यस्तो कारवाही फूकूवा नभएको अवस्थामा नगद लाभांश तथा बोनस शेयर घोषणा गर्न वा वितरण गर्न नपाउने ।

(९) Capital Adequacy Framework 2007 (Updated July, 2008) कोबुँदा नं. १.४ अनुसार "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाले तोकिएको न्युनतम पुँजीकोषमा कम्तिमा १ प्रतिशत buffer maintain गर्न उपयुक्त हुने हुँदा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले सुपरीवेक्षकीय समायोजन सहित कायम राख्नु पर्ने न्युनतम पुँजीकोषमा थप १ प्रतिशत वा सो भन्दा बढी buffer कायम गरेको वा देहायको अवस्थामा मात्रै नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिने ।

(क) "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा पुँजीकोष ११ प्रतिशत वा सोभन्दा बढी रहेको,

(ख) "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा पुँजीकोष १२ प्रतिशत वा सोभन्दा बढी रहेको,

(ग) "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा पुँजीकोष ९ प्रतिशत वा सोभन्दा बढी रहेको ।

तर बोनश शेयर वितरण गर्दा कर प्रयोजनका लागि आवश्यक पर्ने रकम वरावर नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिन बाधा नपर्ने ।

(१०) समस्यामा रहेका बैंक तथा वित्तीय संस्थामा रहेको अन्तर बैंक लगानी, निक्षेप, कर्जा लगायतका दावीमा शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्न लगाउने । त्यसैगरी विविध समस्यामा रही धितो लगायतका सम्पत्ति रोक्का रहेका ग्राहकहरुको कर्जामा समेत शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्ने ।

तर, माथि उल्लिखित दावीहरुमा रहेको धितो बिक्री गर्न यस बैंकले, बन्देज लगाएको वा सम्पत्ति रोक्का राखेको अवस्थामा सम्बन्धित संस्थाले बिक्री गर्न वा रोक्का फूकूवा गर्न पहल गरेको भए कम्तीमा शंकास्पद वर्गको कर्जामा कायम हुनुपर्ने नोक्सानी व्यवस्था कायम गर्नू पर्ने र २०७२ असार मसान्तसम्ममा शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नूपर्ने । यस बैंकले धितो बिक्री गर्न बन्देज लगाएको वा त्यस्तो सम्पत्ति रोक्का राखेको अवस्थामा सम्बन्धित संस्थाले बिक्री गर्न तथा रोक्का फुकुवा गर्न यस बैंकमा पत्राचार गरी पहल नगरेमा त्यस्तो धितो रहेको अन्तर बैंक लगानी, निक्षेप, कर्जा लगायतका दावी वापत शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नूपर्ने । साथै गत आर्थिक वर्षमा नोक्सानी व्यवस्था कायम गरिसकेको अवस्थामा त्यस्तो कर्जा असूल नभएसम्म नोक्सानी व्यवस्था फिर्ता गर्न नपाइने ।

(११) बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकले तोकेको न्युनतम चुक्ता पूँजी कायम गरेको अवस्थामा मात्र नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति सकिने छ । आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीति बाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले आगामी २०७४ आषाढ मसान्त भित्रमा तोकिए बमोजिमको न्यूनतम चुक्ता पुँजीको व्यवस्था गर्नु पर्ने भएकोले आ.ब. २०७१/७२ को वितरण योग्य मुनाफाबाट कर प्रयोजनको लागि बाहेक नगद लाभाँश घोषणा तथा वितरणलाई निरुत्साहित गरी वोनस शेयर वितरणलाई प्राथमिकता दिनु पर्नेछ ।

(१२) विद्यमान नेपाल लेखामान Events after Balance Sheet Date बमोजिम वित्तीय विवरण जारी गर्ने स्वीकृतिको मिति सम्मका Adjusting events लाई गत आर्थिक वर्षको वित्तीय विवरणमा समायोजन गर्न सकिने तर लाभांश घोषणा गर्ने प्रयोजनका लागि आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्रका र बाह्य लेखापरिक्षकद्वारा Adjusting events हो भनी प्रमाणित गरेका Events लाई समायोजन गरी हुन आउने नाफा-नोक्सान हिसाबलाई आधार लिई लाभांश स्वीकृति प्रदान गर्न सकिने ।

तर कर्जा नोक्सानी व्यवस्था फिर्ता रकम समायोजन गर्ने हकमा धितोमा रहेको सम्पत्ति बिक्री तथा ऋणीको आन्तरिक नगद प्रवाहबाट कर्जा चुक्ता गरेको अवस्थामा मात्रै सो कर्जामा कायम रहेको कर्जा नोक्सानी व्यवस्था रकमलाई समायोजन गर्न सकिने ।